# वुढीगण्डकी परियोजना
# र
# स्थानीय चासो

सम्पादन
उद्धव प्याकुरेल

प्रकाशक
पर्यावरणीय लोकतन्त्रका लागि दक्षिण एसियाली संवाद
(SADED - NEPAL)

आलेख : वुढीगण्डकी परियोजना र स्थानीय चासो

सम्पादन : उद्धव प्याकुरेल

संस्करण : वि.सं. २०७४

सङ्ख्या : १००० प्रति

सर्वाधिकार : लेखक तथा प्रकाशकमा

प्रकाशक : पर्यावरणीय लोकतन्त्रका लागि दक्षिण एसियाली संवाद (SADED - NEPAL)

सहयोग : SIEMENPUU foundation

# यात्रा वुढीगण्डकी वरिपरिको:
## चर्चा परियोजना र विस्थापनको

वुढीगण्डकी वरिपरिकोक्षेत्र भुकम्प प्रवाभित क्षेत्र हो । यसको गोर्खा जील्ला पट्टिको फुजेल लगायत माथिल्लो भेगका पौवा, आमडाँडा लामीडाँडा लगायतका क्षेत्रमा पुनर्नीमाणका कामहरु पनि नयाँ नयाँ भवन वनाएर शुरु गरेका पाइए भने तल्लो भेगमा गाँउले घर वनाउन शुरु गरिसकेको अवस्था देखिएन । कारण, त्यसमध्ये वेसीको ठुलो भाग बुढी गण्डकी परियोजनाको डुवानमा पर्ने भनिएको रहेछ भने त्यस लगत्तैको भागको स्थिती के हुने भन्नेमा अन्यौल रहेछ । त्यस्तो अस्प्रष्ट रहेको भेगमा घर भएका स्थानीयहरु डुवान क्षेत्रभन्दा केहि माथी रिंगरोड वनाउने भनिएको तर अहिलेसम्म न त रिंगरोडको नक्सांकन नभएको छ न त डुब्ने क्षेत्र र उक्त रिगंरोडको विचमा पर्ने भनिएका हामीहरुको घरजग्गाको वारेमा परियोजनाले केही वोलेका कारण अन्यौलका रहेका रहेछन् । अन्यत्र भ्कै यस गाँउमा पनि को चै भुकम्प पिडीत भन्ने मुद्दा अभ्कै नसकिएको यस क्षेत्रको धादींग पट्टिको मजुवा र पीपलटार पुग्दा अवस्था अलिक फरक थियो । अहिलेको नयाँ संरचनामा एउटै वडा भएको यि दुई वस्तिमा मजुवा चै पुरै क्षत्री बाहुनको र पीपलटार पुरै १३९ घर कुमाल वस्ती रहेछ । राम्रो उत्पादन हुने सिंचाई सुविधा भएका कारण थोरै मात्र जग्गामा पनी आत्मनिर्भर रहन सकिने यो क्षेत्रका मानीसहरु वढी फुर्सदिला रहेछन् । "तिनवाली हुन्छ, एकै रोपनीमा राम्ररी फलाउन सकेपनि खान पुगिहाल्छ, त्यसैले हामीहरुसंग प्रसस्त समय छ" नजीकको चौतारीमा शितल तापेर गफ मार्दै गरेका हरुको भनाई थियो । प्रकृतीले राम्रै दिएको भएपनि वर्तमानले चै त्यो गाँउलाई ठगेको देखीयो । सवै नै घरमा ढुगां, माटो र काठ वाँस प्रयोग भएको उक्त दुवै गाँउमा राज्यले भुकम्प पीडितका नाममा दिने राहतमा पक्षपात गरेको देखीयो । ढुगांमाटोको जोडाईलाई मरम्मत गरेर भुकम्प प्रतिरोधी वनाउन नसककिने भएकाले भुकम्प प्रभावित क्षेत्रका चर्केका यस्ता कच्चीघरहरु सवै नै पुर्ण क्षतीका हुने भनेर अन्य जिल्ला र क्षेत्रमा लगाएको मापदण्ड यहाँ लगाइएको पाइएन । १३९ घर भएको कुमाल टोलमा

जम्मा २५ २६ घरले घर वनाउने पैसा पाउने भएका रहेछन् । यसो हुनुमा धेरै मजुवावासीले स्थानीय इन्जिनियरलाई दोष दिए भने केहिले मजुवा अधिकांश वासीन्दा गोरखावाट वसाई आएका कारण धादींगले आजसम्म पनि अर्कै जिल्लाका मान्छे सरह भेदभावपुर्ण व्यवहार गर्दै आएको र भुकम्प पछिको राहतमा पनि त्यो भेदभाव झल्केको वताए । हाम्रो सेवा र सुविधाका सवालमा धादिंगका नेताहरुले कहिल्यै चासो राखेर वोलिदिएका छैनन् र यसपालीपनि यस्तै भयो । आजपनि यहाँका नेताहरुलाई हामी गोरखाली या अर्के जील्लाका जस्तो लाग्छ र त्यहि अनुसार व्यवहार गर्छन" स्थानीयको भनाइ थियो। सवै सुन्दा वुढी गण्डकी योजनाको डुवान क्षेत्र भनेर सरकारले आंशीक मुअब्जा दिइसकेको उक्त क्षेत्रका वासिन्दाको भनाईमा कताकता सत्यता रहेको या दलहरुका प्राथमिकतामा त्यो क्षेत्र नपरेका हो कि जस्तो चै देखिएका छ। तर यसरि भत्केका घर अनुदानबाट छुटाउने काममा सरकारको कार्यशैली जीम्वेवार रहेको गोर्खाको नाम्जुंगस्थित माझिटारवासीको भनाई छ । उनिहरुका अनुसार भुकम्पको तत्काल पश्चात आएको प्राविधिक समुहले निष्पक्षरुपमा काम गरेको थियो । विचमा सरकार परिवर्तन पश्चात पठाएको टोलीमा आएका आलाकाच्चा देखिने प्राविधिकले धेरै पिडीतको नाम छुटाएका हुन्। उनिहरुले भत्कनासाथको अवस्था नदेखेका कारण पछि मिहेनत गरेर वस्नेवास वनाएकाहरुलाई समेत अनुदान पाउनेको सुचीवाट हटाइदिएकाले अहिले समस्या भइरहेको उनिहरुको वुझाइ छ।

**डुवान र विस्थापनको सन्दर्भ**

वुढीगण्डकी जलविधुत परियोजनाको काम अगाडि वढ्दै गर्दा राष्टिय स्तरमा एक प्रकारको उत्साह जस्तै देखीए पनि नदी वरपरका वासिन्दामा भने हर्ष र भविष्यको चीन्ता दुवै देखियो । हर्ष यो मानेमा कि आजसम्म जग्गा छाड्न भनिएको छैन, घरवार गर्न खेतीपाती गर्न रोकेको छैन, जग्गा मेरो रहेन भन्न परेको छैन तर वैंक खातामा पैसा आएको छ, पैसा आफुखुसी चलन गर्न पाइएको छ । जग्गा जमिन प्रसस्त भएपनि २०, ३० हजार नगद देख्न हम्मे पर्ने यो गाँउका मानिसहरुले ५० लाख, १ करोड, सवा करोड देखी २, ३ करोडसम्मको रकमको चेक आफैले वुझ्न पाँउदा अर्कै प्रकारको महसुस हुनु नौलो स्वभाविक हो । यस अवस्थामा धेरैलाई आफुले कमाईआएको, आफ्नो रोजीराटीको एउटै

मात्र आधार रहको खेतवारीको छाड्ने शर्तमा यो पैसा आएको महसुस नै भएको छैन । तर जतीले मेरो खातामा आएको पैसासंगै मेरो जग्गाको स्वामित्व म संग रहेन भनेर महसुस गरेका छन्, उनिहरु व्यापक पिडामा रहेको देखियो । “हाम्रो विचल्ली हुनेवाला छ । यहाँ मिहेनत गरेर खानपुग्ने जमिन सरकारले लिएर हामीलाई दिएको पैसाले अन्यत्र एउटा घरेडी पनि आइरहेको छैन । अब त्यहाँ घर के ले वनाउने, कहाँ के पेशा गरेर खाने ? नयाँ ठाँउमा न भाषा न रहनसहन मिल्छ, कसरी अप्ठ्यारोमा सहयोग लिने । यस्ता यस्ता प्रश्न उठाउनेहरु प्रसस्तै भेटिए । छलफका क्रममा हिजोका वाठाटाठाहरु आज आफैले खनेको खाडलमा परेर कसरी तड्पीइरहेका छन् भन्नेकुरा पनि आए । त्यहाँका टाठावाठाले हिजो सरकारलाई तिर्ने राजश्व कम तिर्नकालागि भनेर भएको भन्दा जग्गा कम नपाएर वढि जग्गा उपभोग गरिरहेका र अब्बल जग्गालाई पनि सिम या चाहारको दर्जामा पुर्जा वनाई राजश्व तिरिरहेको अवस्था एकातिर रहेछ भने गरिब र असहायले चै आफुले चर्चेको जग्गा जस्तो हो त्यसै बमोजीम । आज पुर्जामा उल्लेख भएको आधारमा मुअब्जा दिने भएपश्चात हिजो असहाय देखीएकाहरुलाई फाइदा भएपश्चात टाठावाठा पछुताएका पाइए ।

त्यसो त गाँउलेको जग्गा अधिकरणताका परियोजनावाट वाँडिएका डुवान क्षेत्रभन्दा केहि माथि रिगंरोड वनाउने, त्यही रिगंरोडमा ति विस्थापितहरुलाई सरकारले एक एक रोपनी घरेडी उपलब्ध गराउने, मुअब्जा लिएको जग्गामा हुर्काइएका रुखविरुवाको पनि गनेर र नापेर रकम उपलब्ध गराउने जस्ता आश्वासनको पनी चर्चा सुनिन्छ । तर अहिले जुन अपारदर्शि तरिका सरकार र परियोजनाले अपनाउदै आएको छ, त्यसवाट उनिहरु अवाक देखिन्छन् । समग्रमा फरक फरक प्रकारका जग्गालाई यो यो दररेटमा मुअब्जा दिने भने पनि जग्गाधनिले मैले कति पैसा पाउदैछु भन्ने कुरा खातामा पैसा नआउन्ज्याल कहि कतैवाट थाहा नपाउने, थाहा पाउन चाहेर सोध्न खोज्दा उक्त कुरा भनि दिने निकाय कुन हो थाहा नहुने रहेछ । परियोजना कार्यालयमा गए बाणिज्य बैंक जान र बैंकमा गए परियोजना कार्यालय गएर सोध भनेर फर्काउने गरेको, जग्गाधनि पुर्जामा भएको जग्गाको रकम पनि छुटाएर मुअब्जा बैंकमा पठाइदिने गरेको जस्ता गुनासा प्रसस्तै सुनिन्छन् भने सदरमुकाम धादिंगवेसीमा रहेका

सानीमा र ग्लोवल बैंकका कर्मचारीले आफ्नो वैकमा रकम जम्मा गराउन भनी गर्ने गरेका नसुहाउने प्रतिस्पर्दाले उनिहरुलाई थप हैरानी भएको रहेछ । बाणिज्य बैंकमा किसानको मुअब्जाको रकम आएपश्चात त्यहाँ व्याज कम छ हाम्रोमा राख्नुस भनेर आउने ति बैंकका कर्मचारीले गर्ने लुछाचुडीले कतिपयको चेक नै च्यातिएको र अरु झन्झड व्यहोर्न परेको वताए भने ति कर्मचारीले विभिन्न वहानामा सक्कल नागरिकता हात पार्ने र रकम जम्मा गर्न नल्याएसम्म गाँउलेको नागरिकताको प्रमाणपत्र नदिएर अप्ठ्यारोमा पार्ने गरेकोसम्मका गुनासा सुनाए । वाणिज्य बैंकले मुअब्जाको रकमको चेक दिँदा एक हजार कम गरेर दिने गरेको र त्यो एक हजार के का लागि राखेको भन्ने जानकारी नपाएको, शुरुशुरुमा जत्रो रकम भएपनि एकै चेकमा र एकै पटक दिने गरेकामा हाल आएर एक दिनमा दशलाख मात्र दिएर अरु झन्झडिलो वनाएको व्यहोरा पनि सुनीए ।

"धादिंग बजार अहिले डुवान क्षेत्रका मानिसहरुकालागि धेरै नै स्वागत गर्न थालेको छ । हामीलाई देख्नासाथ चीसो पेय पदार्थदेखी वियर सम्म प्रस्ताव गरेर त्यहाँ नजिकका पाखा पखेरा भिडाउन खोज्ने त कति भेटिन्छन् कति", भर्खर मुअब्जाको रकम वुझेर आएका एकले वताए ।

आपसी प्रतिस्पर्दामा रहेका बैंकले गर्ने व्यवहार, जग्गा दलालले गर्ने लुछाचुडीको त कुरा गर्न सकिएला तर परियोजना कार्यालयले सर्वसाधारणका अनुसार उनिहरुसंग के शर्तमा मुअव्जा दिइयो र कस्तो सम्झौता भएको छ भन्ने जानकारी छैन । "हामीले परियोजना कार्यालयमा गएर सक्कल जग्गाधनि पुर्जा वुझाइ दिने हो र बैंकमा पैसा कहिले आँउछ भनेर पर्खने हो । हामीमध्ये कसैले कुनै प्रकारको रसिद, भर्पाइ या सम्झौतापत्र देखेका या पाएका छैनौं" उनिहरुको एउटै आवाज थियो । सरकारले गरिरहेको अधिकरणमा यस प्रकारको अपारदर्शीता किन? जनतालाई यथार्थ विवरण दिन गरेको भनिएको आनाकानीले चै अवश्य प्रश्न उव्जाइदिएको छ ।

राजनैतिक दलका माथिल्लो तहका नेताहरु र गाँउ छाडेर अन्यत्र गैसकेका जग्गावालहरुका कारणले स्थानीयले यो अपारदर्शीताका विचमा पनि जग्गााको मुअब्जा लिने काममा सहभागि हुन परेको उनिहरुको भनाई छ । उनिहरुको भनाई

थियो, "आन्दोलन पनि गरियो, सबै कुरा स्प्रष्ट नभएसम्म जग्गा सरकारलाई दिन्नौं पनि भन्यौं । एकातीर स्थानीय राजनैतिक दलहरुले साथ दिएनन् भने अर्कोतिर गाँउ छाडीसकेका र जग्गा विक्रीकालागि उजित अवसरको पर्खाइमा रहेकाहरुले यसलाई स्वर्णिम अवसर ठानेर परियोजनाको यो प्रकृयालाई साथ दिए । अनि त हामीले पुलिस र प्रशासनको कडा धरपकडका विच आन्दोलनबाट पछि हट्न पर्‍यो" । धादिंगको मजुवावासी हुन् या गोर्खाको माझिटारवासी सवैको एउटै भनाई छ, "गाँउ र खेती छाडेर काठमाण्डौ, चितवन या विदेशमा वस्दै आएका केहि जग्गावालले सुटुक्क गएर सम्झौता गरिदिएका कारण यहाँका सच्चा वासीन्दाको माग कमजोर भएको हो । वाहिर घरवार भएकाहरुले यहाँको जग्गा कसरी जग्गा बेचुँ भनिरहेको अवस्थामा चलनचल्तीको भन्दा राम्रो मुल्यमा सरकारलाई जग्गा दिन पाँउदा अवसर मानेर दिने नै भए । तर सानो तर राम्रो उब्जनी दिने जग्गा राखेर यहि माटोमा उव्जाएर खाने हामीहरुकोलागि यो मुअब्जा निल्नु न उकेल्नुको भएको छ । परियोजनासंग नजिक रहेर काम गरिरहेको वताउने स्थानीयका अनुसार करिव ३५०० घरधुरी मुअव्जावापत २५ लाख भन्दा कम रकम वुझ्नेमा रहेका छन्, जुन रकमले अन्यन्त्र जहाँ गएपनि त्यहाँको अनुसारको जीवन चल्दैन । शहरी क्षेत्र र चितवनकालागि त त्यो एक घरेडी पनि नआउने रकम हो । त्यस अवस्थामा उनिहरुसंग भएको एउटै सिप खेतीकिसानीलाई कसरी प्रयोग गरेर गुजारा गर्ने ?

तैपनि मानिसहरु आएर यो र त्यो उदाहरण दिएर पुर्जा वुझाउन र मुअब्जा वुझ्न भन्छन् । स्थानीय दलका नेताहरुलेपनि उनिहरुका माथिल्ला नेताहरुको आदेश मानेर हामीलाई सहयोग नगरेपश्चात हामीले पनि बाध्य भएर लालपुर्जा बुझायौं" ।

हुनपनि परियोजनाले स्थानीयलाई राम्ररी "फुटाउ र राज गर" को निती अवलम्वन गरेको रहेछ । गाँउमा एकाघलाई अलिक अगाडि नै रकम उपलब्ध गराइदिएपश्चात उसले उक्त रकम अन्यत्र अलिक राम्रो स्थानमा लगानी गर्ने र गाँउमा त्यसैलाई उदाहरण वनाएर गाँउघरमा "फलानाले बेलैमा पैसा बुझेर लगानी गरेर यति नाफा लिइसक्यो, उति नाफा लिइसक्यो" भनेर हल्ला

फैलाइदिने। परिणाम, गाँउलेमा जति ढिला रकम वुझ्यो उति महंगाइको मारमा पर्ने, घाटामा पर्ने डर।

विस्तारै मुअब्जा दिनेसंस्थाहरुले किसानलाई अझै दुख दिन थालेको लाग्ने कारण चै पहिला पहिला एकमुष्ठ दिइने रकम अब बैंकबाट एक पटकमा दश लाखका दरले लिनपनर्ने व्यवस्थाले पनि होला। एक करोड पाउने एक जनालाई त कम्तिमा १० पटक धादिंगवेसी या जिल्ल सदरमुकाम जानपर्ने अवस्थाले पनि उनिहरु विस्तारै दिक्क भइरहेको हुनसक्छ। सारमा भन्नुपर्दा यो क्षेत्र भुकम्प र देशकै ठुलो परियोजनाका कारण ठुलो संक्रमणकालवाट गुज्रिरहेको रहेछ। तर हरेक निर्णयमा स्थानीयलाई सहभागि गरेर लैजाने कवोल गरेको राज्यले यस भेगका जनतासंग गरिरहेको फुटाउ र राज गर सहीतको अपारदर्शि कृयाकलापका कारण अधिकांशले मुअब्जा पाउने तर पछि गएर स्थानीय असन्तुष्ट कै दबाबले परियोजना चाँही सम्पन्न नहुने परिस्थिती आउने पो हो की भन्ने शंकाको अवस्थामा पनि यथावत नै देखिन्छ। जिल्ला नेतृत्व र स्थानीय सहजकर्ताहरुले किसानलाई यो यो पाउने हो। यसको प्रकृया यो हो, बैकले अहिले गरिरहेको व्यवहारको कारण पनि यो हो भनेर राम्ररी वुझाउन सके सकारात्मक हुनसक्ने जनमत तर्फ सबैको ध्यान जान आवश्यक देखिन्छ।

# बुढिगण्डकी हाइड्रोपावर परियोजनाबाट प्रभावितहरूसंगको छलफल तथा अन्तरकृया

## माभ्कीटार संवाद



**गाँउलेहरू कता हिडेको नि झोला वोकेर ?**

हाम्रो गाँउवाट अहिले पनि मानीसहरु चितवन जाँदैछन्, जग्गा हेर्न । अहिलेसम्म ७-८ घर भयो क्यारे चितवन तिर जग्गा हेर्न गएको । अहिले चितवनमा किनेपछि पछि बचेर अन्तै किन्ने योजनामा धेरै छन् । चितवनमा कस्तो हो भने दलालले प्लट छ भन्छ, त्यसमा पनि कोहि १० लाख प्रति कठ्ठाको मुल्य छ रे, कोहि ७ को अनि कोहि ८ प्रति कठ्ठाको । अहिले किनेर भोलि यो ठाउँमा बिक्री गर्न सक्ने मान्छे चाहि चल्न सक्छ तर म जस्ता किसान जो किसानै बनेर किसानी गरिरहन चाहन्छ, ले चल्न सक्दैन ।

**यहाँका कति घर चाहि जग्गा किन्न धादिङ गए त ?**

त्यता पनि ९-१० ले किन्या छन् जग्गा

**यता नजिकै, माथितिर र पारि गोर्खातिर कसैले किनेनन् ?**

पारि गोर्खाका गाँउतिर ३ घरले किन्नु भएको छ, तर यता धादीगंको डाँडाँतिर चाहि कसैले किन्दैन, किनेको छैन, अहिले सम्म ।

**यता किन किनेनन् त, रिङरोड त झन् यतै बन्छ भन्छन् हैन र ?**

रिङरोड बन्ने त भन्या छ, मन्दिर भन्दा अलि माथि डाँडोको बन सम्म अधिकरण भएको छ ।

**त्यहाँदेखी माथिको जग्गा त किनबेच हुन्छ नि ?**

माथिको किनवेच हुन्छ, ऊ त्यो माथिको लाई चाहि अलैंचे गाउँ भन्छ, उतापट्टीको द्वारथोक हो, त्यहाँबाट यता आएर देवियान हुँदै उता ठुल्चौर । रमाइलो ठुल्चौर छ, ठुल्चौरबाट यो यरिया चाहि पुरै रमाईलो ।

वृद्धः म चाहि धादिङबेसी जाने सोचमा छु, घर पनि हेरेँ, जग्गा पनि हेरेंको छु । आनाको डेढ लाख भन्या छ ।

**कति छ यो ठाँउमा तपाइँको जग्गा ?**

मेरो चाहि बाह्र-तेह्र रोपनी जति छ ।

**भनेपछि ७०-८० लाख मुअब्जा आउँछ हैन ?**

आउला कि त्यति चाहि ।

**अहिले आइसकेको छैन पैसा ?**

आयो ४० लाख त लिइसकेँ ।

**अब कति रकम आउँदैछ त ?**

केहि गुठीको जग्गा छुटेको रहेछ, अस्ती भर्खर पेश गरीएको छ, त्यसको ठ्याक्कै यति आउँछ भन्ने थाहा छैन । कसरी दिने हो, त्यो पनि थाहा छैन ।

**जग्गाधनि तपाईलाई नै थाहा छैन, तपाइको जग्गाको मुअब्जा कसरी दिन्छ कति दिन्छ भनेर?**

अहिले सम्म ठ्याक्कै थाहा छैन । पहिला अब्बल र दोयम जग्गाको प्रति रोपनी ८ लाख पाइने भन्थे । तर अहिले ८ भनेकोलाई ७ लाख, ७२५०००, ७४०००० त्यस्तैमा झार्‍या ५ भन्छन् । यति रोपनी मरो जग्गा छ, रोपनीको यतिका दरले यति आउँछ भनेर हिसाब गरेर गएका हरुको पनि हामीले भन्या जस्तो भएन त । हाम्रै बाबाको जग्गा रोपनीको ८ लाखका दरले हिसाब निकाल्दा १ करोट २० लाख निक्लन्थ्यो । तर १ करोड १ लाख १० हजार मात्र आयो।

**अरू कहाँ गयो रे त ? कर पनि काटीएला त ?**

कर अनि के के हो थुप्रो काट्यो भन्छन्, तर केहि कागज दिएन? तिम्रो जग्गाको मुअब्जा यति र त्यसमा यति ट्याक्स यति भनेर दिएको भए पो त । तर कसैलाई त्यस्तो भनेको या दिएको छैन । सुन्दा दोयम जग्गाको त त्यस्तै ७ लाख ११ हजार को दरले हिसाब गरेर दिने हो भन्छन्, ८ लाख ४० हजार भनेको त अहिले ह्वात्तै घट्यो, ७ मा झर्‍यो भन्छन् ।

**उसरी सल्लाह नगरि र जग्गाधनिलाई थाहै नदिई भाउ घटाउँदा म मेरो जग्गा दिन्न भन्ने चाहि कोहि पनि निस्केनन् ?**

निस्केका छैनन्, सबैले लिएपछी आफुले लिन्न भनेर भन्न सकिएन । सबै गए, पैसा बुझे । अरु भन्दा पनि हाम्रो यो ठाउँमा जग्गा वापत आएको पैसा पनि सदुपयोग गर्ने काम भइरहेको छैन । अलिकति चित्त दुखाईको कुराहरु यो पनि छ । पैसा पाए पछि अहिले खाने र खेल्नेमा जो लागिरहेका छन्, उनिहरुलाई अरु गाह्रो हुनेवाला छ, भोली उहाँहरुको परिवारलाई के गर्ने, कुन ठाउँमा लगेर राख्ने, के गरेर खाने भन्ने टुङ्गो छैन ।

**खाने, खेल्ने चल्या छ ? के खान्छन ?**

के खानुनी, कस्तुरी भन्ने पोकाको रक्सि खान्छन ।

**कस्तुरीको मोल त ४0 रुपियाँ त हो नि, के हुन्छ र ?**

खाने त त्यहि हो, अब त्यो हुँदै नहुने गरिबले दिनरात ४० रुपैया पर्ने रक्सी खानथाल्यो भने कसरी पुग्ला त ? एक रुपियाँको कमाई छैन, दुई रुपियाँको खर्च

गरेपछि के हुन्छ? एक दिनमा ४ सय कमाउन सक्या छैन, तर दिनमा ४०० को खाइदिएपछि के होला ?

(युवा) जग्गाको मुअब्जाले रक्सि बियर खान थालेपछि त बर्बाद भै हाल्यो नी, बरु कमाएर खाने हो । ठुला ठुला डेक ल्याएर दिनरात बजाएको बजाऐ गर्छन्, बाह्र हजारको डेक हो रे, गाउँनै थर्किने छ । ३७ हजारको बाईक ७० हजारमा किनेको पनि सुनीएको छ । २० हजारमा किनेको मोबाईल त प्रत्यक्ष मेरै आँखाले देखेको छु ।

**२० हजारको मोबाईल गाँउमा आउन थाल्यो ?**

त्यो बुद्दीमानको त ४ ओटा कि ५ ओटा छ मोबाईल । फेरि धादिङबेसी गएर पैसा निकालेको त बाबै त्यहाबाट त मोबाईल हातै पिच्छे लिएर आएछ ।

(युवा) त्यो पनि हाम्रै पैसा खाको त हो नि , हाम्रै बारीको पैसा हो कसैको पनि होईन ।

**तपाइको ? कसरी ?**

(युवा) हाम्रो जाडेखोला आधा-आधा हुनुपर्ने हजुरबाको सम्पती, हजुरबाको नाममा लालपुर्जा थियो, हामी छुट्टीएका थिएनौ । अनि त्यतिखेर बाबा सानै भएकाले नबुभ्mने, जब म अलि-अलि बुभ्mने भएँ त्यहाँबाट अलि अलि खोज्दै गएँ । एकदिन मैले बुवाको नाममा नामसारी गर्न भनेर गइयो, नामसारी गरेर म घरतिर आएँ । कहाँको बेच्ने मलाई थाहा थिएन, जाडेखोलाको बेच्ने भन्ने त मलाई थाहै थिएन । पछि गएर उनिहरुले जाडेखोलाको जगा बेच्देछन् ।

त्यसरी जालसाँची गरेको त सक्किनै पर्छ, सक्किएरै जाओस् । त्यस्तालाई सम्भmाउने नि हैन, खोलैखोला गएनि जाओस्, जहाँ गएनि जाओस् ।

**अरू गाँउमा परियोजनाले के के के भनेको छ, जग्गाको कति पैसा पाइन्छ भन्ने केहि पनि सुचना छ? कि विना सुचना नै पैसा बुझ्नुभो ?**

मङ्गल कुमालः हामीलाई वास्तवमा चाहि कहाँ जाने के गर्ने केहि पनि थाहा छैन, त्यसमा हामीले कुनै सोचाई लिएको छैन ।

अर्का सहभागी: मैले त केहि सुचना पाएको छैन नपाको कुरा । नगाको कुरा, नसुन्या कुरा मलाई त थाहा छैन । घरबाट अन्त म गाको पनि छैन सुन्या पनि छैन । झुटा कुरा चाहि गर्न हुदैन मान्छेको चोला हो ।

अर्का सहभागि: कहाँ सर्ने , के गर्ने त थाहा छैन , त्यो यसै सपना जस्तो भयो ।

अर्का सहभागि: कहाँ सर्ने, के गर्ने भनेर त अब अरु-अरुले पनि भनिराछन ।

अर्का सहभागि: कसैले मुअब्जा पाईपनि सके, कोहि केही नपाउने पनि छन्, कसैले बुझेर पनि ब्याज पनि खाईसके होला त कसैको पेशिक पनि पाएको छैन ।

अर्का सहभागि: हामिलाई तपाईहरु जग्गाको पैसा लिन तयार हुनुहोस् भनेर हाम्रै माननिय सांसदहरु उपस्थित भएर तपाईहरुले पैसा बुझ्दा हुन्छ, लिईसकेपछि अनि अर्को कुरो हुन्छ, तपाईहरु आन्दोलन नगर्नुहोस्, यस्तो नर्गुहास् भनेर हाम्रो यहि ठाउँमा भने । त्यो बेला (मैदीमा) हामी सबै त्यहाँ उपस्थित थियौं। हामी आन्दोलन गर्नपनि एक-दुई चोटि गएका थियों, जादाफेरि पुलिसबाट पनि धड् पकड भयो। त्यसपछि पनि सांसदहरुले, उनिहरुको नेतृत्वका कार्यकर्ताहरुले पनि दवाब दिन थाले र भने कि ऋतपाईहरुले पैसा लिनुपर्छ, पैसा लियो भने ठिक हुन्छ"। सांसद गंगालाल तुलाधर नै यहि मैदिमा आएर हामीलाई यसो भन्नु भएको हो। यसरी हामीले समाउने ठाउँ कहि पनि नभेटेपछि बाध्य भएर पैसा लिनु परेको हो ।

**तपाई जग्गावालाहरू त संगै हुनुहुन्थ्यो नि, सांसदले के भने भन्दा नि आफुलाई चित्त नबुझुन्जेल पैसा नलिदा के हुन्थ्यो ?**

तपाई एउटाले अथवा हामी एउटा-दुईटाले नलिएर नलिने कुरो भएन नि । हाम्रो छिमेकी दर्वुङ, माईटारजस्ता गाँउबाट त हामी लिदैनौं भनेर कति महिना सम्म अडान लिएको हो त । तर त्यसरी बस्दा जसजसले पैसा लिन ढिला गरे, उहाँहरुलाई निकै घाटा भयो । पछि गएर उनिहरुले पनि लिनै पर्‍यो । यहाँ चाँडै लिनेले कमसेकम बैंकमै राख्दा पनि दुई-चार हजार ब्याज पायो, जग्गामा हालेको पनि मोला वढेर गयो । गरिब मान्छेलाई दुई-चार महिना नुन खाने पैसा त आयो । यसरी भन्दा नजानु या ढिला जानुको पनि कुनै विकल्प रैनछ भन्ने सोच भयो, मान्छेहरुको ।

**अनि अब भविष्य वारे के सोचिरहनु भएको छ? यो गाँउवाट उठेर गएपश्चात यहाँ भएको जस्तै यस्तै खेल्ने ठाउँ, यस्तै समाज, चौतारो र साथीभाई पाइएला ?**

जब को कहाँ जाने भन्ने नै छैन, एकै ठाउँमा जाने भन्ने देखिछैन, कसरी यस्तै समाज पाइएला र ? पैसा पाएपछि हामी जस्तो धेरै गरिब, लगभग पैसा नदेख्या मान्छेहरुले पैसा पाएपछि हामीलाई त यतिबेला के भाछ भने यो जग्गावापत आएको भन्दा पनि सरकारवाट राहत आएको जस्तो भएको छ। भुकम्पमा जसरी राहत दियो नि, धेरैले त्यस्तै सोचेका छन् । यहाँका धेरै जसो मान्छेहरुको अनुहारमा कुनै चिन्ता देखीन्न, किनभने उनिहरुको खेतमा टन्न धान पनि फलिरहेको छ, घरमा पनि अन्नको भकारी टन्न भरिभराउ छ । त्यसैले जुन पैसा आएको छ, त्यो राहत आएजस्तो महशुस भएको हो । यहाँ यो पैसाले भोलिको हाम्रो अवस्थाबारे के होला, भोली हामीले यहाँबाट कुम्लो-काम्लो बोकेर जान परेको दिनमा के गर्ने भन्ने सोच्न सक्ने अवस्थाको मान्छे यहाँ छैन । भर्खरै भुकम्प पछि आएको चाउचाउका पोका, बिस-पच्चिस हजार पैसा जसरी आए र मजासंग खाईयो, पचाइयो, अहिले त्यहि अनुभवमा छन्, धेरै मान्छेहरु । भोलीको विकल्प, भोली हामी के गर्नु पर्छ, यो पैसा केको लागि आएको हो भन्ने सोच ९०% मान्छेलाई छैन ।

**मतलब आफ्नो जग्गा गईरहेकोछ, मेरो बसोबास भैरहेको घर र अन्न दिएरहेको जग्गा वापत यो प्रसा आएको हो भन्ने छैन ?**

९०% मान्छेलाई मेरो जग्गा, मेरो पैतृक सम्पति गइरहेको छ भन्ने कुरो दिमागमा छैन । उनिहरुलाई अहिले त राहत आए जस्तो भएको छ । खेतमा धान टन्न फलिरहेकोछ, दिन-रात खेत गोड्न नि पाइएकै छ, जोत्न नि पाइएकै छ, वनमा घाँस काट्न नि रोकिएको छैन, घरमा भैंसी पालेकै छ । त्यसैले त्यो पैसा त उनिहरुलाई राहत आए जस्तो भैराछ, यहाँको मान्छेहरुलाई । त्यसैले त तातो पानी (रक्सी) ठाडो बोतल लाईरहेका छन् । घरमा झगडा, गाउँमा झगडा गरिरहेका हुन्छन्, जसका कारण रातभरि सुत्न पाईने होईन । यो भएको चै पैसालाई राहत सरह लिएका कारण नै हो । यथार्थ कुरा यहि हो।

**अनि कस्ले कति पैसा पाउँदै छ भन्ने कुरा पनि थाहा हुदो रहेनछ होईन त ?**

केहि पनि थाहा हुदैन, मेरो पैसा यति आउनुपर्ने, मेरो यति रोपनी जग्गा हो, यति रोपनी यहाँ भन्दा पहिला मैले बेचें, मसंग अब यति बाँकि छ, मेरो यति रोपनी जग्गाको किसिम यो छ, यति आउनुपर्छ, मेरो यति आयो कि आएन भन्ने कसैलाई केहि थाहा छैन । जतिको चेक आयो उताबाट, सदरमुकाम गएर त्यति बुझ्यो, बैंकमा खाता खोलेर राख्यो अनि पर्केर आयो । त्यति हो। आएको रकममा पनि झन उल्टै पैसा माग्दो रहेछ, त्यो पनि तिर्यो, मस्त खायो अनि फर्केर आयो। यहि हो हाम्रो सच्चाइ ।

अझ डरलाग्दो अवस्था त पुर्नवासको लागि भनेर यहाँका पिडितहरुले धादिङ् गएर पैसा हुर्याएका ठाँउ हेरेर पो देखिन्छ। त्यहाँ नजिकका भिर पाखा र वगरहरु सब हाम्रा गाँउलेलाई भिराइदै छ, अति महंगो दरमा ।

**समुदाय मिलेर आफ्नो दाजु-भाई एकै ठाउँ बसौं त्यस्तो केहि छैन ?**

(महिला सहभागि) थियो नि मन त एकै ठाँउमा जाने भन्ने, तर भएर के गर्ने? अब भोली हामीलाई दिएको यो पैसाको बदला कुनै ठाउँमा सरकारले गाँस, बास, कपास हुने केहि ब्यबस्था गर्दिए भविष्यको लागि केहि हुन्थ्यो कि भन्ने सोच त छ। तर के गर्ने ?

**यसरी मिलेरर बस्नुभएका तपाईहरू कमाल समुदाय भोली-पर्सी छरिएर बस्दा अबस्था के होला ?**

एक फेरि छरिएर बस्दा कठिन-कठिनै होला, कोहि सुध्रिन्छ कोहि बिग्रिन्छ त्यहि हो ।

**महिला सहभागि**: सुध्रिन पनि कुन हिसाबले सुध्रिन्छ भन्ने हो । त्यो ठाउँमा पुग्ने खुबी नै छैन भने कसरी सुध्रिने? अब हामी आफ्नो गाउँठाउँमा दुःख सुख गरेर, कुटोकोदालो गरेर खाईरहेका मान्छे

**युवा सहभागि**: यो ठाउँ छोडेर अर्को ठाउँ गएपछि त्यहाँको सामाजिक संरचना, बसोबास, रितिवाज, बोलीभाषा सिकिन्छ, त्यहाँ पनि खेतीपाती गरेर तरकारी बेचेर खान त पाई हालियो नी ।

**सामुहिक जवाफ**: यहाँबाट लगेको पैसाले एक कठ्ठा नआउने परिवार पनि छ। एक कठ्ठा आउने भएपनि त्यति जग्गा किनेर गर्ने चाहिँ के के ? घर मात्र बनाएर भएन नि हामी किसानलाई।

**अर्का युवा सहभागी**: ल एक कठ्ठा त आउँला, तर त्यहाँ गएर एक कठ्ठालाई कसरी परिचालन गर्ने? मेरो यहाँ २० रोपनी जग्गा थियो, त्यो पैसाले एक कठ्ठा आयो रे, अब त्यो एक कठ्ठाबाट २० रोपनीको आम्दानी लिन सक्ने क्षमता छ त मसंग? हाम्रो सिप त खेतीमा होला, पशुपालनमा होला त्यो एक कठ्ठामा त न खेती हुन्छ, न पशुपालन हुन्छ, शहरमा कसरी जिविका चलाउने त ?

**बृद्ध सहभागी**: हामी भविष्यमा खान नपाएर मर्छौ।

**सामुहिक जवाफ**: गाह्रो हुन्छ है गाह्रो हुन्छ , जति जे भनेपनि आफ्नो ठाउँको जस्तो सजिलो हुँदै-हुदैन। त्यस्तो ठाउँमा पानीको पनि पैसा तिर्नु पर्छ, सुकम्बासी जस्तै हुन्छ।

**अनि यतै माथितिर जग्गा किन्नु भएन तपाईहरूले ?**

यतै माथितिर पनि अब गरि खान टाढा भएपछि के गर्ने ?

**अलि धेरै आउँछ होला नि यहाँ त जग्गा ?**

आउँदैन , यहाँ जति त त्यहाँ पनि आँउदैन, कुरो एउटै हो।

कमसेकम जङ्गल त आफुले भोग गरिरहेको, चिनेको हुन्छ, मान्छेहरु चिनेका **हुन्छन, तपाईहरूले यस्तो सजीलो खोज्नुभएन ?**

**बृद्ध सहभागि**: अहिले सम्म खोज्या छैन। खासै जान्ने बुझ्ने हो भनेदेखि त आफ्नो गा. वि. स. र आफ्नो गाउँ छोडेर जानलाई मिल्दै-मिल्दैन। जान्ने हो भने जस्तोसुकै भएपनि, अब यहाँ भनेको बसिरहेको ठाँउ, यहाँबाट मैदि सम्मको मान्छेलाई त यहाँको मान्छेले चिन्या पनि छन्। घुलमिल हुन सकिन्छ, लिनदिन गर्न सकिन्छ। चितवन तिर, काठ्मान्डौं तिर कस्लाई चिन्या छ , कस्लाई के गर्‍या छ ? अब त्यहाँ त कुकुरझैं बस्ने हो, अब आफुले जानेको कुमाल भाषाले बोलौं अरुले बुझ्दैन, अरुले उस्को भाषाले बोल्छ हामी बुझ्दैन। ठिमीतिर,

लोकन्थलीतिर अनि कोटेश्वरतिर त्यतातिर जग्गा त होला, तर त्यहाँ ज्यापु भाषा, नेवार भाषाले बोल्दिन्छ। म कुमाल भाषाले बोल्छु , अरुले बोल्ला म बुझ्दिन, मैले बोल्या उस्ले सुन्दैन, त्यहाँ त कुकुर बस्या झैं बस्नु हो । त्यस्तै छ ।

अर्का बृद्ध सहभागि: पचास लाख जति पाईयो। त्यहि तिन भाईलाई बाढ्दा-बाढ्दै दश लाख मैले राखें , बिस-बिस लाख दुईटा छोरालाई दिएं। अहिले यता जाउँ न उता जाउँ भएको छ। यतै कोदाली खनेर खान पाए पो, उता भाषा नै मिल्दैन। यता फुजेल, मैदितिर, खरि-धुसेनतिर यसो आफ्नै गा.वि.स. तिर यसो चिन्या छ। यहाँ भए ए मोरा काले भनेर हप्काउला, धम्काउला । पर्ख न भन्न पनि पाइयो। काठमान्डौं तिर त कोही चिन्या छैन, त्यहि कुकुर दौड्या झैं दौडिने हो ।

**सरकारले के-के दिन्छु भनेको छ अहिले सम्म, तपाईहरुलाई ?**

**युवा सहभागि**: आधिकारिक रुपमा केहि दिन्छु भनेकै छैन, हाईड्रोपावर अफिसमा यो रिङरोड बनेपछि रिङरोडको आसपासमा जग्गा दिने भन्ने चाहि लेखेर टाँसेको देख्या मात्रै हो । हाईड्रोपावरको कर्मचारी, कुनै संघ-संस्था आधिकारिक रुपमा यहाँ कोहि पनि केही भन्न आएको छैन। यो जनतालाई भ्रममा पार्न खोज्या पनि हुन सक्छ ।

**एक रोपनी भन्या धेरै जग्गा हो , यत्रो ५६०० घरलाई एक-एक रोपनी जग्गा दिन्छ जस्तो लाग्छ तपाईलाई ?**

त्यहिले त हामी अलमलमा परेको हो, विश्वास गर्ने ठाउँ कहिं पनि छैन । अहिले सम्म आधिकारिक रुपमा ल तपाईहरु पुर्जा बुझाउन आउनुहोस् भनेर आत्रिकारिक रुपमा कोही आएकको छैन। एक-दुई जनालाई फोन गरेर भन्दियो भने सबै लाईन लागेर बुझाउने गरियो। न त कसैले अब के के पाइन्छ, कहिले पाइन्छ भनेर सोध्न सके न त हामी नबुझाऔं भनेर भन्न न ।

ललापुर्जा बुझाउँदा त केहि न केहि कागजमा सही गर्नुहुन्छ होला, त्यो सहि चै के कस्तो कागजमा गरियो, त्यहाँ के के लेखीएको हुन्छ भन्ने थाहा छ तपाईहरुलाई?

कस्ले सहि गरेको छ र? आफ्नो पुर्जा लगेर त्यसमा ल्याप्चे लाएर पुर्जा बुझाएर आउने हो, अनि पैसा लिनलाई बोलाउदा जाने हो ।

**त्यहि ल्याप्चे केमा लाउनुभयो ?**

त्यताको मान्छे सबै आउँदा हुन्छ भन्दिन्छ, गाँउका सबै लाईन लागेर जाने हो, कुनै सम्झौतामा ल्याप्चे लगाएको छैन ।

**अनि सहि या ल्याप्चे केमा लगाउने हो त तपाईहरुले ?**

कसैले सहि गर्दैन । आफ्नो पुर्जा लगेर त्यसमा ल्याप्चे लाएर पुर्जा बुझाएर आउने हो ।

**कुनै सम्झौता छैन तपाईहरुसँग ?**

**सामुहिक जवाफ**: केहि छैन, यहाँ यसरी घरेडी दिने, यसरी जाओ,यसरी बस, यसरी डुबान पर्न खोज्यो भन्ने केहि नि भनेका छैन। न त सुनेकै छ । जग्गावाल र सरकारका विचमा कुनै सम्झौता त भाकै सुनेको छैन, भए उनिहरुले एकलौटि आफ्नो सम्झौता वनाएको होला, जनतासंग कुनै सम्झौता छैन ।

**यसरी अन्योलमा जनताले लालपुर्जा बुझाउन हुन्थ्यो त ?**

**युवा सहभागि**: सबभन्दा जान्नेले नै "लालपुर्जा अब बुझाउनुपर्छ, फेरि नबुझायो भने हामी पछाडी परिन्छ पैसा अरु सबैले लिएपछि पछि तिमीहरुलाई पनि लखिडिहाल्छ" भनेर तर्साउने । यहाँ त जान्ने-जान्नेले नै अगाडी बुझाए, अनि हामी पनि उनिहरुले बुझाएपछि बुझाउनतिर लाग्यौं, हामी यहाँका स्थानिय जनता भन्दा पनि यहाँ जग्गा किनेर बाहिर वसेका भु-माफियाको कारणले गर्दाखेरि हामीले बाध्य भएर जानु परेको हो ।

**महिला सहभागि**: हैन हामीले त के जानेका छौं र? जान्ने ठुल्ठुला मान्छेहरुले कुमाल गाउँमा नजान्ने पिछडिएका जाती हुन् भनेर केहि कसैले सहयोग गरेको छैन । अलिक अघि यहाँ दलालीले धेरै कमाए नि, वेच्दा कुन जग्गा पास गरेको छ त्यो नि थाहा छैन जगाधनिलाई । कतिपयको त त्यो पास भएको जग्गामा घरबारी पनि परिराखेर समस्या भैरहेको छ ।

**कस्को त्यस्तो भएको छ, यहाँ ?**

**सामुहिक प्रतिकृया**: सबैको त्यस्तो भएको छ । पहिला एकलाखमा पनि किन्न

आए भने बेचिहाले, खाईहाले । नबेच्नेको ढुक्कै छ बेच्नेको त्यस्तै-त्यस्तै छ ।

**किसानको जग्गामा रहेको रूखको मुअब्जा दिने, घरको दिने कि नदिने , कति दिने भन्ने केहि भन्या छैन सरकारले तपाइहरूलाई अहिले सम्म ?**

**सामुहिक जवाफ**: हल्ला चाहि छ, त्यै हल्ला मात्रै हो, लेख्नै आउँछु भनेको पनि सुनिएको हो क्यारे ।

**युवा सहभागी**: तपाईको नागरिकता बुझाउनु भन्दा पहिले निबेदन दिने बेलामा रुख, बिरुवा नाप्न आउँछ भनेको हो त्यो भनेको पनि एक बर्ष भईसक्यो । रुख कति ओटा छ, के जातको रुख छ भनेर संकलन गर्न आउँछ भनेको हो, अहिले सम्म आएको छैनल ।

**बृद्ध सहभागी**: हामी तिन बाबु-छोराको पैसा लिन बाँकी छ। कोहि-कोहिले बुझेर मासिसक्या छन, यहाँ । तर हामीलाई दिएकै छैन ।

**लिउँ-लिउँ लागिसक्यो, पैसा ?**

सबैले ल्याउँदाखेरिमा त लिउँ-लिउँ लाग्छ नि ।

**अहिले खेती गर्न पाइरहेको छ, पैसा नि आएको छ । त्यसैले सजिलै भईरहेको छ होला । भोली घरवार छाडेर अन्यत्र जानुपर्दा त गाह्रो हुन्छ होला है ?**

**महिला सहभागी**: हामिलाई त गुनासो भएर के गर्ने? बसिरहेको ठाउँ, खेती गरिरहेको जग्गा छाडेर कहाँ जाने, उता भने केले घर बनाउने होला भन्ने खालको पिर त भैरहेको छ नी ।

**अहिले पैसा लिन वाँकि तपाईहरूलाई पैसा लिन फेरी कहिले वोलाएको छ ?**

**सामुहिक जवाफ**: पुस-माघमा आउछ भनेका छन् । अहिले बैंकको पनि लापरबाहि गरिरहेको छ । अहिले पहिले जस्तो एकमुष्ट पैसा दिदैन । अहिले त फेरि नियम परिवर्तन भएको छ रे, थोरै मात्र निकाल्न मिल्ने रे। पहिला त बैकवाट पचास-साठ्ठी लाख जति पनि एकैचोटी निकाल्न मिल्थ्यो तर अहिले बल्लतल्ल नौ लाख उनान्सय हजारका दरले बैंकले पैसा दिइरहेको छ । बैंकले जहिले अब तेरो पैसा सकियो भन्छ त्यतिवेला थाहा हुन्छ कि कति पैसा आउने रहेछ भनेर ।

**वुढिगण्डकीकालागि मुअब्जा वाँढिदै रहेछ, लिनुभयो ?**

लिएं ।

**कति थियो जग्गा, अनि कतिको मुअब्जा पाउनुभयो ?**

पाँच रोपनी थियो, सवै डुवानमा पर्ने रे, अनि सवैको गरेर तिस लाख रकम लिएँ ।

कति महिना खान पुग्थ्यो?

छ महिना ।

**कस्तो जग्गाा थियो ?**

पाखो अलिकति बाह्र आना खेत थियो ।

> "मुआब्जा त लिएयो, तर घर पोलेर खरानीको धनी भएको जस्तो न हो ।"

**त्यो जग्गामा आश्रीत तपाइको कति जना परिवार छ ?**

हामी नौ जनाको परिवार र सवैजना खेतीमा आधारित छौं । त्यसवाट ६ देखी ७ महिना खान पुग्थ्यो ।

**सबै गाउँमै हुनुहुन्छ ?**

हामी सबै गाउँमै छौं ।

**खेति वाहेक अरू पेशा पनि छ कि ? वचेको समय के गर्नुहुन्थ्यो ?**

खेतवारी मै मेहनत गरेर खाने हो ।

**जग्गा वापत धेरै पैसा लिनु भएछ, अब त्यो तिस लाखले के गर्ने हुनुभयो ?**

त्यो पैसा अहिले बैंकमै छ, के गर्ने गर्ने, निर्णय नै गर्न सकेको छैन ।

**खुशीसंग लिनुभयो त पैसा? कि लिन नपरे नि हुन्थ्यो ,यतै बस्न पाए नि हुन्थ्यो भन्ने लाग्यो? अथवा गाउँठाउँमा यति पैसा दियो भैहाल्यो भनेर छोडिदिनुभयो ?**

सरकारले घडेरी दिने भन्या छ रिङरोड बाहिर । कुमलटारीको माथि दिन्छ भनेर पर्खेर वसेको ।



**गुणबहादुर सिम्खडा**

**त्यहाँ कति जग्गा दिन्छु भन्या छ ?**

घरेडी वापत एक रोपनी दिने भनेको सुनेको छु ।

**एक रोपनी जग्गा पनि दिने भो, तिस लाख पनि पाइने भो ? अब यो तिस लाखले के गर्ने योजना छ त?**

घरमा भुरा धेरै छन्, छोरी ६ ओटा छन्, अब तिस लाखले भुरा पढाउनै पर्यो ,ख्वाउनै पर्यो ।

**अनि त्यो तिस लाख पनि बैंकमै राख्ने भए खाने अन्नकालागि चाहि के योजना के त? पहिला छ महिना खान पुग्थ्यो भन्नुहुन्छ, अब त खेतवारी नै नभएपछि त्यो पनि पाइँदैन होला ?**

अब बैंकबाट त्यो पैसाको ब्याज आँउछ, त्यहि लिने र त्यसैबाट खाने ।

**त्यसको व्याजले पुग्छ र ? कति आउंछ रे ब्याज थाह छ ?**

९ प्रतिसत ।

**नौं प्रतिसतले कति हुनेरहेछ, थाहा छ ?**

खै म त अनपढ हो कति हुन्छ थाहा छैन ।

**सरसर्ती हिसाव गर्दा बर्षमा २ लाख ७० हजार हुने रहेछ, त्यसलाई महिनामा भाग लगाउंदा २० हजार हुन्छ । तपाइको ९ जनाको परिवारलाई पुग्छ त त्यतिले ?**

अब पुचाउनै पर्यो ।

**खुशी हुनुहुन्छ त, मुअब्जा पाएपछि ?**

हजुर, खुशी नै छु ।

**भनेपछि वेच्न खोजीरहेको र नबिकिरहेका जग्गा बल्ल बल्ल बिक्यो भनेर खुशी हुनुहुन्छ ?**

बिक्न त बिक्थ्यो, किन नबिक्नु नि

**कति मुल्यमा जान्थ्यो त, बिक्ने भए ?**

जान त तिन चार लाख जान्थ्यो, एक रोपनीको।

**अहिले वुढिगण्डकीले कति दियो त?**

अलिक वढि नै दिए, पाँच रोपनीको तिस लाख दिए ।

**स्थानीय चलिरहेकै मुल्य भन्दा राम्रै दिएछ, कतै जग्गा किन्ने योजना छैन ?**

जग्गा किन्नु छ, चितवनमा घडेरी किन्नु छ ।

**चितवन नै किन्ने, धादिङमा नकिन्ने, यतै रिङरोडमा जग्गा दिने भन्या छ भने त्यसको नजिकै नकिन्ने ?**

यता महङ्गो भएको छ, सोह्र लाख रे रोपनीको ।

**चितवनमा चाहि सस्तो छ? कति रहेछ त रोपनीको?**

कठ्ठाको हिसाबले त्यहाँ त एक कठ्ठाको चार लाख पर्छ ।

**त्यो जग्गा चितवनको कुन स्थानमा नि ?**

हेटौंडादेखि नजिक, खरखुरे भन्ने स्थानमा ।

**त्यहाँ कति किन्ने हुनुभयो ?**

खै, दुई चार कठ्ठा किन्नु पर्छ कि , चार कठ्ठा जति।

**त्यहाँ आफ्नो मान्छेहरू पनि छन ?**

हजुर , कान्छा बाको छोरी छ ।

**पैसा लिएको कति भयो ?**

त्यस्तै पन्ध्र बिस दिन जति भयो ।

**पैसा लिनुभन्दा अगाडि घरायसी कामकालागि ऋण लिनुभएको त थिएन ?**

ऋण थिएन, छैन ।

**यसपाली दशैंलाई कति खर्च गर्ने बिचार छ?**

पैंतिस सयमा बोको किनेर खसि बनाएर पालिराखेका छौं । त्यस्तै नौ दश किलो चिउरा ल्याउनु पर्यो, जिरा मसलाहरु समेत गर्दाखेरि आठ-नौ हजार जान्छ ।

**यसपाली त पैसा आएको छ, पहिला भन्दा धेरै खर्च गर्ने योजना त छैन?**

छैन छैन त्यस्तो छैन । पैसा आएर के गर्नु र, घर पोलेर खरानी भएको हैन र ।

**चितवनमा किन्ने जग्गामा के गर्ने योजना छ ?**

चितवनमा किनेर अलिकति महङ्गोमा बेचेर अनि त्यसपछि यतै सर्ने योजना छ ।

# गणेश तिवारी

**तपाईहरूको गाँउटोलको केही वताइदिनुहुन्छ? यस्तै हालत हो कि फरक ?**

सबै एउटै हो । यहाँको भन्दा नि उहाँको हालत झनै खराब छ । हाम्रो समाज बाहुन भएर के गर्नु, मुअव्जा यहाँको भन्दा धेरै कम पाएका छन् । बाउबाजेले पहिला धेरै तिरो तिर्नुपर्छ भनेर बचाउनलाई नाप्न आउने सरकारी मान्छेलाई

कुखुरा खुवाएर चलाखी गरे अहिले पैसा आएन। तिरो धेरै तिर्नुपर्छ भनेर खेतलाई पाखो बनाएको रहेछ, भएको जग्गा पनि कम लेखाएर कमाइ आएको रहेछ।

अहिले यहाँ त बाठो हुने भन्दा लाटोले चैं धेरै पाएछ। कुमाल वस्तीमा त ६० प्रतिसत मानिसहरुको जग्गा त भएको भन्दा धेरै-धेरै नापीएको रहेछ। अहिले त्यसको फाइदा कुमालहरुले लिन पाएका छन् भने वाहुनहरु "लाटो खान्छ, एक वल्ड्यागं वाटो तिन वल्ड्यागं" को अवस्थामा।

अर्को कुरा, यो हाईड्रोपावरले पैसा दिनु भन्दा पहिला भु-माफियाहरु जग्गा किन्न आउँदाखेरि यहाँका कतिपय मान्छेहरुले जग्गा दलाली गर्ने क्रममा एक रोपनी भनेर तीन-तीन रोपनी जग्गा नामसारी गरेका छन्। एक लाख साठ्ठी हजार, एक लाख असी हजारको दरले एक रोपनी जग्गा दिने भनेर सहमती गर्नै अनि तीन रोपनी जग्गा नामसारी भएर जाँदा जगाधनिलाई थाहै छैन।

यसरी जग्गा नबेच्ने यो कुमाल गाँउमा १०% मात्र होला ९०% सबैले बेचेको हो। अहिले खोजिरहेका छन्, मेरो त जग्गा धेरै गएछ, हराएछ खोई भनेर। अब बेचेर अर्काको नाममा गईसक्या जग्गाको मुअब्जा अर्कैले बुझेर खाईसक्यो, अब सिद्धियो।

## जङ्गी कुमाल

**सामुहिक कुराकानी**: यहाँ छोडेर कहाँ जाने के गर्ने ध्यान छैन, खाली खाने र खेल्नेतिर ध्यान छ।

**पैसा लिउँ-लिउँ लाग्या छ कि छैन ?**
सबैले लिईराछ, लिउँ-लिउँ लाग्या छ नि। एउटाले पायो अर्को लिन गएन
**भने पछि तैंले पाउदैनस् जा भन्यो भने के गर्ने ?**
अब यहाँ नेताहरु हुनुहुन्छ होला, सप्पै हुनुहुन्छ होला सबभन्दा पहिला त मेरो बिचारमा गाउँमा सामान्य मान्छेले पनि सहि गर्नु अगाडि त हेर्न पर्‍यो नि, केमा सहि गर्दैछु भन्ने हैन? तपाईहरुले यत्रो घरबार दिने कुरा छ सहि गर्दाखेरि मेरो जग्गा बाफत मैले यो-यो सुबिधा पाउँछु, यति पैसा पाउँछु भन्ने त थाहा हुनुपर्‍यो नि हैन?